मिति: ०१-४२००३०९

फ्याक्स नं:

नेपाल सरकार

# संङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय

(सूचना, प्रकाशन तथा अभिलेख शाखा)

सिंहदरवार काठमाडौं।

मिति:२०६९।११।१६

पत्र संख्या:- 2069।70

चलानी नं:- 69

विषय: सूचना वा विज्ञापनको समानुपातिक रुपमा वितरण सम्बन्धी निर्देशिका,२०६९ अनुरुप गर्ने।

श्री जिल्ला विकास समितिको कार्यालय, सवै।
श्री महानगर/उपमहानगर/नगरपालिकाको कार्यालय, सवै।

सरकारी क्षेत्रमा रहेको विज्ञापन देशका आमसञ्चार माध्याम (छापा/विद्युतीय) लाई समानुपातिक रुपमा उपलब्ध गराई सबै सञ्चार माध्यमहरुको समान विकास गर्ने, जनतालाई सरकारी सूचना सहजै उपलब्ध गराउने तथा सुशासन, प्रजातन्त्र एवं गणतन्त्रको सुदृढीकरण समेत गर्ने उद्देश्यले सरकारी सूचना तथा विज्ञापन समानुपातिक रुपमा वितरणको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६९/१०/१८ मा वसेको बैठकले सरकारी सूचना वा विज्ञापनको प्रसारण प्रकाशनका लागि आमसंचार माध्यमहरुलाई समानुपातिक रुपमा वितरण गर्ने सम्बन्धी निर्देशिका,२०६९ चैत्र १ गतेदेखि लागू गर्ने गरी निर्णय गरेको छ।

नेपाल सरकारका सबै सरकारी निकायहरुको सूचना वा विज्ञापन सम्बन्धी बजेट स्पस्ट देखिने गरी विज्ञापन शीर्षकको व्यवस्था अर्थ मन्त्रालयले गर्ने, सबै सरकारी निकायहरुका लागि विज्ञापन शीर्षक अन्तर्गत बिनियोजन भएको बजेट सोझै सूचना विभागमा जाने र सबै सरकारी निकायहरुले प्रकाशन र प्रसारण गर्ने सूचना वा विज्ञापन सूचना विभाग पठाउनु पर्ने व्यवस्था निर्देशिकाले गरेको छ। साथै, सरकारी निकायहरुबाट प्राप्त सूचना वा विज्ञापन सञ्चार माध्यमहरुमा प्रकाशन र प्रसारण गर्ने सूचना विभागले मापदण्ड र कार्यविधि बनाई समानुपातिक रुपमा बितरण गर्ने व्यवस्था मिलाउने व्यवस्था समेत निर्देशिकामा रहेको छ। साथ साथै चालु आर्थिक वर्ष सम्बन्धी व्यवस्था पनि निर्देशिकाको दफा ३८ले गरेको छ।

सूचना वा विज्ञापनको समानुपातिक रुपमा वितरण सम्वन्धी निर्देशिका, २०६९ सूचना तथा सञ्चार मन्त्रालयको वेवसाइट www.moic.gov.np मा र सूचना विभागको वेवसाइट www.doinepal.gov.np मा रहेको व्यहेरा जानकारी गराउदै सो निर्देशिका अनुरुपको व्यवस्था कार्यान्वयनका लागि निर्देशानुसार अनुरोध गरिन्छ।

उप-सचिव